का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ पुस २०८१,
शनिबार
21 December, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३०२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कुलमान वरिपरि घुमेको राजनीति



नेकपा एमाले र नेकपा माओवादी केन्द्रका बीचमा नेपाललाई लोडसेडिङमुक्त बनाउन खेलेको भूमिकामा जस लिने होड चलिरहँदा कुलमान घिसिङ एक दशकदेखि नेपाली राजनीतिमा चर्चाका पात्र बनिरहेका छन्

**दिवाकर अधिकार/मध्यान्ह**
काठमाडौं, ५ पुस ।

नेपालको राजनीतिमा पछिल्लो दशकमा निरन्तर चर्चामा रहेको नाम हो- कुलमान घिसिङ । घिसिङ आफैं राजनीतिमा संलग्न रहेका व्यक्ति होइनन् ।

तर, नेपाललाई लोडसेडिङमुक्त बनाउन उनले खेलेको भूमिका राजनीतिको केन्द्रमा छ । खासगरी घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक बनाएको नाममा माओवादी केन्द्र उज्यालो नेपालको नेतृत्व गरेको भनेर नागरिक सामु प्रस्तुत हुँदै आएको छ ।

घिसिङले जनस्तरमा पारेको छापमा माओवादीले राजनीति गरेपछि नेकपा एमाले सुरुदेखि नै त्यसको विरोधमा छ । नेपालमा लोडसेडिङमुक्त बनाउन भारतबाट विद्युत् खरिद गरेको लगायतका विषय उठाउँदै एमालेले भारतसँग विद्युत् खरिद एमाले नेतृत्वको सरकारले गरेको भनेर जस लिन खोजिरहेको छ ।

एमाले र माओवादी केन्द्रका बीचमा नेपाललाई लोडसेडिङमुक्त बनाउन खेलेको भूमिकामा जस लिने होड चलिरहँदा कुलमान घिसिङ एक दशकदेखि नेपाली राजनीतिमा चर्चाका पात्र बनिरहेका छन् ।

घिसिङले २०७३ सालको तिहारको लक्ष्मीपूजाको दिनदेखि लोडसेडिङमुक्त बनाउने घोषणा गरेका थिए । त्यसभन्दा अगाडि नेपालमा १८ घण्टासम्म लोडसेडिङ थियो । १८ घण्टासम्म लामो लोडसेडिङ अन्त्य भएसँगै घिसिङले राष्ट्रिय/अन्तर्राष्ट्रिय चर्चा पाएका थिए । घिसिङको चर्चालाई माओवादीले राजनीतिक रूपमा प्रयोग गर्‍यो र २०७४ सालमा चुनावी एजेन्डा नै बनायो । त्यसपछि एमालेले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउन भूमिका खेल्न थालेको हो ।

घिसिङले पहिलो कार्यकाल सके । दोहोर्‍याउनुपर्ने कतिपयको मागका बीचमा २०७७ माघमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक बनाए । ओलीले ल्याएका शाक्यलाई पछि शेरबहादुर देउवा नेतृत्वको सरकारले हटायो । माओवादीको प्रस्तावमा पुनः घिसिङलाई कांग्रेस नेतृत्वको सरकारले प्राधिकारीको कार्यकारी निर्देशक बनायो । त्यसपछि एमाले घिसिङसँग अझ रुष्ट भयो र विरोध गर्दै आएको पृष्ठ २ मा

प्लाष्टिकको प्रयोग नगरौं,
वातावरण स्वस्थ राखौं
- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,
- यसले जमिन तथा जल प्रदुषण गर्दछ,
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
- प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ,
- त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सहकारी ठगी प्रकरण

## जी. बी.सहित १९ विरुद्ध मुद्दा दर्ता रवि र छविविरुद्ध आइतबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ पुस ।

सहकारी ठगी प्रकरणमा पक्राउ परेका जी. बी. राईसहित १९ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता भएको छ । जिल्ला सरकारी वकिल कार्यालय कास्कीले शुक्रबार पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पक्राउ परेका र पक्राउ पुर्जी जारी भएका गितेन्द्रबाबु राई (जी. बी.)सहित १९ जनालाई पहिलो चरणमा मुद्दा दर्ता गरेको हो ।

सरकारी वकिलको कार्यालयले शुक्रबार सहकारीका तत्कालीन अध्यक्ष एवं ग्यालेक्सी फोर के टेलिभिजनका अध्यक्ष जी. बी. राईसहित १९ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ भने बाँकी प्रतिवादीविरुद्ध आइतबार मुद्दा गराउने तयारी गरेको छ ।

जिल्ला सरकारी वकिल कार्यालय कास्कीका प्रमुख कमला कापलेका अनुसार हदम्याद नभएकाले केही प्रतिवादीविरुद्ध शुक्रबार पूरक अभियोगपत्र दर्ता भएको र बाँकीको हकमा आइतबारसम्म म्याद भएकाले दर्ता हुने छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र छविलाल जोशीको हकमा अर्को अभियोगपत्र पेस हुने छ । शुक्रबार मुद्दा दर्ता भएका सबै प्रतिवादीहरू फरार छन् । केहीको हकमा सम्पत्ति



शुद्धीकरणको अभियोग पनि छ ।

प्रहरी हिरासतमा रहेका रवि, छविसहित जी. बी.का साझेदार नेचर हर्ब्सका संचालक रामबहादुर खनाल, लीला पछाई र सूर्यदर्शन सहकारीका संचालक कृष्ण गुरुङको मुद्दा आइतबार दर्ता हुने जिल्ला सरकारी वकिल कार्यालयले जनाएको छ ।

बचतकर्ताले दिएको उजुरीका आधारमा प्रहरीले गत वर्ष २४ भदौमा पक्राउ पुर्जी जारी गरेको थियो । सूर्यदर्शन सहकारीका उपाध्यक्ष कैलाश दर्लामी, कोषाध्यक्ष कुमार रस्तेल, पूर्वसंचालक शिवबहादुर गुरुङ (महेन्द्र भोटे), प्रमोद भट्टराई, अनुज नकर्मी, भवीश्वर अर्याललगायत पुर्पक्षका लागि थुनामै छन् ।

सुरुमा पक्राउ पुर्जी भएका १९ जनामध्ये सहकारीका पूर्वअध्यक्ष जी. बी. राई, उनकै दाइ भूपेन्द्र, अहिलेका अध्यक्ष तथा व्यवस्थापकसमेत रहेका थानबहादुर बुढा, धीरजकुमार दास, हेमन्त अधिकारी, प्रमोद भट्टराई, सुरज श्रेष्ठ, आइस्मा गुरुङ, कविता तामाङ, पृष्ठ २ मा

# घटेन अपराध

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ पुस ।


- *२८ मंसिरमा काठमाडौंको पशुपति मन्दिर पछाडिको जंगलमा शंकरापुर नगरपालिका- ५ घर भई हाल शान्तिनगर बस्दै आएकी २० वर्षीया मनीषा मिजार मृत भेटिइन् । बानेश्वरमा रहेको पेन्टागन कलेजमा कक्षा १२ मा पढ्दै गरेकी उनले आत्महत्या गरेको प्रहरीको निष्कर्ष छ । उनका शव नजिक विषादीको खालि बट्टा र 'सुसाइड नोट' फेला परेको थियो ।*
- *१६ भदौमा ताप्लेजुङबाट धरान घुम्न आएकी २० वर्षीया युवती बलात्कृत भइन् । धरानको भानुचोकस्थित भोजपुरे होटलमा उनी बलात्कृत भएकी प्रहरीको भनाइ छ ।*
- *४ पुसमा भक्तपुरमा घरायसी विवाद हुँदा बुबाले चक्कु प्रहार गरी छोराको हत्या गरे । भक्तपुर नगरपालिका- २ शहीद स्मृति खेल मैदान नजिक अछाम कमलनगर नगरपालिका- ६ हात्तीबाचका नरेन्द्रबहादुर शाहीलाई बुबा दीपबहादुर शाहीले तरकारी काट्ने चक्कुले प्रहार गरी हत्या गरे ।*

समाजमा दैनिक रूपमा भइरहने यी घटनाहरूले अपराधको ग्राफ बढ्दै गइरहेको देखाउँछन् ।

नेपाल प्रहरीको तथ्यांकले पनि आपराधिक क्रियाकलाप बढेको देखाएको छ । चालू आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकको तथ्यांकअनुसार अपराधका घटना बढ्दो क्रममा रहेको छ ।

'पछिल्लो समय समाज अपराधमय भएको छ । कर्तव्य ज्यान होस् कि संगठित अपराध वा जबर्जस्ती करणीका घटना, अपराधको तथ्यांक बढ्दो क्रममा छ', प्रहरी प्रधान कार्यालयका प्रवक्ता तथा प्रहरी बरिष्ठ उपरीक्षक (एसएसपी) विश्व अधिकारीले भने ।

प्रहरीकै तथ्यांकअनुसार गत वर्षको तुलनामा पछिल्लो ४ महिनामा अपराध दर झन्डै ३ प्रतिशतले बढेको छ । गत वर्ष र चालू आर्थिक वर्षको ४ महिनामा प्रहरी कार्यालयमा दर्ता भएका मुद्दा संख्याको विश्लेषणका आधारमा यस्तो तथ्यांक देखिएको हो । पछिल्लो ४ महिनायता गृह मन्त्रालयको जिम्मेवारी रमेश लेखकले पृष्ठ २ मा




# एनपीएलको फाइनल आज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ पुस ।

नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको फाइनल भिडन्त शनिबार हुँदै छ । फाइनलमा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स भिड्दै छन् । खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार दिउँसो १२:३० बजे हुने छ ।

नेपाली दर्शकले फाइनल खेललाई 'एल क्लासिक'को संज्ञा दिएका छन् । पहिलो क्वालिफायरमा सुदूरपश्चिमसँग पराजित भएर दोस्रो क्वालिफायर खेलेको जनकपुरले कर्णाली याक्सलाई २ विकेटले हराउँदै पुनः सुदूरपश्चिमसँगको फाइनल भेट पक्का गरेको हो । एनपीएलमा सुदूरपश्चिम र जनकपुरले २ खेल खेलेका छन् । पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

## औपचारिक प्रणालीबाट रेमिटचान्स पठाउने बढे

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ पुस ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली कामदारले आर्जन गरेको रेमिटचान्स औपचारिक प्रणालीबाट आउने क्रममा उल्लेख्य प्रगति भएको बताएको छ । मन्त्रालयका उपसचिव महेश पराजुलीले रेमिटचान्स आप्रवाह सम्बन्धमा गरिएको अध्ययनले नेपाल आइरहेको रेमिटचान्समध्ये ९८ दशमलव ९ प्रतिशतले रेमिटचान्स औपचारिक च्यानलबाट पठाएका पाइएको बताए ।

साताव्यापी रूपमा मनाइँदै गरिएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा उनले वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका मानिसहरूको संख्या पनि न्यून रहेको बताएका छन् । वैदेशिक रोजगारीमा कमाएको रकम घर परिवार व्यवस्थापनमा बढी खर्च भएको देखिएकाले त्यसलाई आय आर्जनमा लगाउनका लागि प्रोत्साहन र सचेतना जरुरी रहेको भन्दै उपसचिव पराजुलीले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस जस्ता कार्यक्रमले पृष्ठ २ मा

## पोर्चुगलमा कन्सुलर सेवा पनि

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ५ पुस ।

पोर्चुगलमा विद्युतीय राहदानी (इ-पासपोर्ट) वितरण गर्न आएको फ्रान्सस्थित नेपाली दूतावासको टोलीले कन्सुलर सेवा पनि दिन सुरु गरेको छ । टोलीले बुधबारदेखि लिस्बनस्थित ओलाइसमा संचालित घुम्ती शिविरबाट कागजात प्रमाणीकरणलगायत कन्सुलर सेवा दिन सुरु गरेको हो ।

बुधबार पहिलो दिन १०५ वटा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) र ३९ वटा अन्य कागजात प्रमाणीकरण गरिएको टोलीले जनाएको छ भने थप ३७ वटा प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणका लागि संकलन गरिएको छ ।

प्रहरी रिपोर्टलगायत कागजात प्रमाणीकरणसम्बन्धी पृष्ठ २ मा

## कुलमान...

छ । अहिले नेपाली कांग्रेससँगै सरकारमा रहेको नेकपा एमाले घिसिङलाई प्राधिकरणबाट हटाउन चाहन्छ । यसका लागि कांग्रेसले सहमति नदिँदा सरकारले निर्णय लिन नसकिरहेको नेताहरू बताउँछन् । यसरी राजनीतिको केन्द्रमा घिसिङ रहँदै आएका हुन् ।

१ दशकसम्म राजनीतिको चर्चाको केन्द्रमा रहेका घिसिङ रामेछापको दुर्गम गाउँ बेथानमा सामान्य पसिरवारमा जन्मिएका व्यक्ति हुन् ।

प्राथमिक शिक्षा गाउँमै लिएर ५ कक्षा पास गरेपछि दाजुहरूसँग काठमाडौं आएर बालसेवा माध्यमिक विद्यालयमा पढ्दै अस्कल क्याम्पसबाट आई. एस्सी. गरेका घिसिङले छात्रवृत्तिमा भारतको जम्सेदपुर गएर एलेक्ट्रिकल इन्जिनियरिङ गरे । काठमाडौंको पुल्चोक क्याम्पसबाट पावर सिस्टम इन्जिनियरिङमा मास्टर्स गर्दा 'इन्टिग्रेटेड रिसोर्स प्लानिङ विथ डिमान्ड साइड म्यानेजमेन्ट'मा थेसिस गरेका घिसिङले पोखरा विश्वविद्यालयबाट इएमबीए गरेका छन् ।

उनी २०५१ सालमा नेपाल विद्युत् प्राधिकरणमा सातौं तहको इन्जिनियर भएर सेवा प्रवेश गरेका थिए ।

प्राधिकरणमा काम गर्दागर्दै कुलमानले रसुवाको चिलिमे जलविद्युत् परियोजनाको जिम्मेवारी पाए । चिलिमे हाइड्रो पावरको प्रबन्ध निर्देशक भएर चिलिमेकै आम्दानीबाट ३ वटा अन्य आयोजनाहरूको निर्माण सुरु गराएका थिए । आफूले लिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको र प्रतिफल दिलाएको भनेर उनलाई विद्युत् प्राधिकरणको प्रबन्ध निर्देशक बनाइएको थियो ।

उनी प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त भएका बेला सुख्खायाममा १८ घण्टासम्म पनि लोडसेडिङ थियो । लोडसेडिङ हटाउन सफल भएपछि घिसिङ राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमै चर्चाको शिखरमा पुगेका हुन् ।

## जी. बी.सहित...

सागर के. सी., दिनेश रोका, ललिता तामाङ फरार छन् । सृष्टि मानन्धर, ऋण अधिकृत बुद्धि गुरुङ पनि फरार छन् ।

प्रहरीले सूर्यदर्शन सहकारीका वचतकर्ताको रकम हिनामिनाका विषयमा लामो अनुसन्धानपछि १६ असोजमा सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । सरकारी वकिलको कार्यालयले १९ असोजमा जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो । तर, फेरि जाहेरी परेकाले अभियोजन पेस गरिएको न्यायाधिवक्ता काफ्लेले बताइन् ।

अघिल्लो मुद्दामा सूर्यदर्शनका पदाधिकारीले बचतकर्ताको १ अर्ब ११ करोड ३४ लाख ४३ हजार ४५ रुपैयाँ हिनामिना गरिएको दाबी गरिएको छ । उनीहरूलाई सहकारी ऐनअनुसार बिगो बराबरको जरिमाना र ८ देखि १० वर्ष कैद सजायको माग गरिएको छ ।

सूर्यदर्शनबाट जी. बी. राई समूहले नक्कली शेयर सदस्य र विभिन्न कम्पनी खडा गरेर पैसा निकालेर अपचलन गरेको प्रहरीले बुझाएको प्रतिवेदनमा उल्लेख छ । सहकारीका संचालक तथा पदाधिकारीले कृत्रिम शेयर सदस्य र खाता खोलेर रकम अपचलन गरेको, सहकारीको नाममा कुनै पनि सम्पत्ति नराखी व्यक्तिको नाममा गरेको देखिएको प्रहरीको निष्कर्ष छ ।

जी. बी. समूहले २०६५ सालमा पोखरामा खोलेको सूर्यदर्शन सहकारीबाट सुरुदेखि नै रकम अन्य क्षेत्रमा लगाउँदै आएको प्रतिवेदनमा छ ।

सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए ।

सहकारी ठगी प्रकरणमा प्रहरीले पूर्वगृहमन्त्रीसमेत रहेका रास्वपा सभापति लामिछानेसहित ५१ जनालाई प्रतिवादी बनाएर सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको थियो । प्रतिवेदन अध्ययनपछि सरकारी वकिलको कार्यालयले सहकारी ठगी प्रकरणमा राई, लामिछाने, जोशीलगायतलाई प्रतिवादी बनाएर मुद्दा दर्ता गर्न लागेको हो ।

प्रहरीले सरकारी वकिल कार्यालयमा बुझाएको मिसिल प्रतिवेदनअनुसार ५१ जनाविरुद्ध कैद सजायसँगै १ अर्ब ५५ करोड बिगो माग दाबी गरिएको छ । तत्कालीन समयमा १ हजार ३६ बचतकर्ताले प्रहरीमा जाहेरी दिएका थिए ।

उक्त सहकारीका कोषाध्यक्ष कुमार रम्तेल मात्रै पक्राउ परेका छन् । सहकारीमा जी. बी.को कार्यकालमा २१ करोड २४ लाख, उनका दाजु भूपेन्द्र अध्यक्ष हुँदा ८० करोड ७० लाख र वर्तमान अध्यक्ष थानबहादुर बुढाको पालामा २७ करोड हिनामिना भएको अनुसन्धानबाट देखिएको थियो ।

सरकारी वकिल कार्यालयका अनुसार १९ जना प्रतिवादीबाट १ अर्ब ११ करोड १९ लाख ४३ हजार ४५ रुपैयाँ बिगो दाबीका साथै ८ देखि १० वर्ष कैद सजाय माग गरिएको थियो ।

## घटेन...

सम्हालेका छन् । प्रहरीको तथ्यांकअनुसार २०८१ साउनदेखि कात्तिकसम्म देशभर १९ हजार ४९८ वटा मुद्दा दर्ता भएका छन्, जुन अघिल्लो आर्थिक वर्षको ४ महिनामा दर्ता भएका मुद्दा संख्याभन्दा ५०० ले धेरै हो । गत वर्ष सो अवधिमा भने १८ हजार ९९८ मुद्दा दर्ता भएका थिए । यस अवधिमा कर्तव्य ज्यानका १९२, जबर्जस्ती करणीका ८२३, संगठित अपराधका ३९ र लागुऔषधका १ हजार ६१९ मुद्दा दर्ता भएका छन् ।

प्रहरीमा दैनिक रूपमा औसतमा १६२ वटा मुद्दा दर्ता हुने गरेको एसएसपी अधिकारीले बताए । प्रहरीको तथ्यांकअनुसार देशभर प्रत्येक दिन १६२ दशमलव ४ मुद्दा प्रहरी कार्यालयमा दर्ता हुने गर्छन् । यीमध्ये सबैभन्दा धेरै बैंकिङ कसुरका घटना धेरै छन् । तथ्यांकअनुसार चालू आ. व.को ४ महिनामा मुलुकभर बैंकिङ कसुरका ४ हजार ३५९ मुद्दा दर्ता भएका छन् । यो दर्ता भएको कुल अपराध संख्याको २२ दशमलव ३५ प्रतिशत हो । त्यस्तै, यस अवधिमा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकतासँग सम्बन्धित मुद्दा ३ हजार १४४ वटा दर्ता भए । यो कुल संख्याको १६ दशमलव १२ प्रतिशत हो ।

यी अवधिमा जबर्जस्ती करणीका दैनिक ७ वटा छन् भने आत्महत्याका २० वटा मुद्दा छन् ।

यस्तै, कर्तव्य ज्यानमा गत वर्षको सोही अवधिमा १९३ मुद्दा दर्ता भएका थिए भने जबर्जस्ती करणीका ८०९, संगठित अपराधका ५ र लागुऔषधका १ हजार ३६९ मुद्दा दर्ता भएका थिए ।

'अपराधपछि प्रहरीमा उजुरी गर्ने चेतना बढेको र उजुरी लिन प्रहरीले पनि सक्रियता बढाएका कारण अपराधसँग सम्बन्धित मुद्दा दर्ता संख्या बढेको हो', एसएसपी अधिकारीले भने । अपराध सहेर बस्नुको सट्टा कानुनी उपचार खोज्ने प्रवृत्ति बढेको उनले बताए । 'यसमा प्रहरीले पनि सहजीकरण गरेको छ । मुद्दा दर्ता संख्या बढ्नुको कारण यो हो भन्ने लाग्छ', उनले भने ।

### भयावह आत्महत्या

प्रहरी तथ्यांकअनुसार १ वर्षमा देशभर ८ देखि १० हजार व्यक्तिले आत्महत्या गरेर ज्यान गुमाइरहेका छन् । पछिल्लो ४ महिनामा देशभर २ हजार २३६ जनाले आत्महत्या गरे ।

प्रदेशगत तथ्यांकअनुसार सबैभन्दा बढी कोशी प्रदेशमा आत्महत्याका घटना भएको छ । कोशी प्रदेशमा ४८३ जना र लुम्बिनी प्रदेशमा ४३३ जनाले आत्महत्या गरेको तथ्यांक छ । आत्महत्या गर्नेमध्ये सबैभन्दा बढी १ हजार ९०१ जनाले झुन्डिएर आत्महत्या गरेका छन् ।

आत्महत्या गर्नेमा सबैभन्दा बढी पुरुष रहेका पाइएको छ । औसतमा ६० प्रतिशत पुरुषले आत्महत्या गर्ने गरेको पाइएको छ । उमेरका आधारमा सबैभन्दा बढी १८ देखि २५ वर्ष उमेर समूहका व्यक्तिले आत्महत्या गर्ने गरेको प्रहरी तथ्यांकले देखाएको छ ।

प्रवक्ता अधिकारीका अनुसार आपराधिक घटना हुनुको प्रमुख कारण मानसिक समस्या हो । साथै, गरिबीका कारण पनि यस्ता घटना हुने गरेका छन् । सामाजिक र आर्थिक अपराध कम गर्नका लागि प्रहरीले देशभर सचेतना अभियान संचालन चलाइरहेको प्रवक्ता अधिकारीले बताए ।

नेपालमा अपराध गरेर विदेश गएका वा फरार भएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन यो ४ महिनामा इन्टरपोलबाट १२ वटा रेड कर्नर नोटिस जारी भएको छ । यसमध्ये ९ जना व्यक्ति विभिन्न देशमा पक्राउ गरेर नेपाल ल्याइएको छ ।

### सवारी दुर्घटनामा दैनिक ७ को मृत्यु

नेपाल प्रहरीका अनुसार देशभर हुने दुर्घटनाका घटना हेर्दा औसतमा प्रत्येक दिन ७ जना व्यक्तिले सवारी दुर्घटनाका कारण ज्यान गुमाउँछन् । यो आ. व. सुरु भएपछि देशभर ७ हजार ४८ वटा सवारी दुर्घटना भए, जसमा ७७८ जनाले ज्यान गुमाएका छन् ।

दुर्घटनामा २ हजार ६४ जना गम्भीर घाइते भएका छन् भने १० हजारभन्दा बढी सामान्य घाइते भएका छन् । देशभर हुने दुर्घटनाका घटनामा ६४ प्रतिशत बढी २ पांग्रे सवारी साधन दुर्घटनामा पर्ने गर्छन् ।

## एनपीएलको...

यी २ खेलमा जनकपुरमाथि सुदूरपश्चिम हाबी भएका थिए । सुदूरपश्चिमसँग भएका २ भेटमा पराजयको सामना गरे पनि जनकपुरले अन्य टिमसँग प्रतिस्पर्धात्मक र शानदार खेल प्रदर्शन गरेको छ । दोस्रो क्वालिफायरबाट फाइनल पुगेको जनकपुरलाई कमजोर आँक्न मिल्दैन ।

फाइनल पुगेका यी २ टोली लिग चरणको खेलमा २६ मंसिरमा आमनेसामने भएका थिए । उक्त खेलमा पनि सुदूरपश्चिमले ७२ रनको सहज जित निकालेको थियो ।

पहिलो क्वालिफायर र लिग चरणका यी २ खेललाई तुलना गर्दा सुदूरपश्चिमभन्दा जनकपुर कमजोर देखिन्छ । तर, समग्र प्रतियोगितामा जनकपुरको प्रदर्शन हेर्न लायक छ । उपाधिका लागि सुदूरपश्चिम जति दाबेदार छ, जनकपुर पनि त्यत्तिकै ठूलो दाबेदारका रूपमा खडा भएको छ ।

सुरुका ३ खेल र अन्तिमका ३ खेलमा विजयी भएको सुदूरपश्चिमले लिग चरणमा एउटा मात्र पराजय भोगेको छ । चौथो खेलमा चितवनले सुदूरपश्चिमलाई ३३ रनले हराउँदै एउटा हारको स्वाद चखाएको थियो । अन्य खेलमा भने सुदूरपश्चिमले शानदार जित निकालेको छ ।

## औपचारिक...

जनचेतना वृद्धि भई रेमिटचान्स पुँजी निर्माणमा लगाउन सहयोग गर्ने बताए ।

आर्थिक वर्ष २०८०/०८१ मा गत आर्थिक वर्षको तुलनामा विप्रेषण आप्रवाह १६ दशमलव ५ प्रतिशतले वृद्धि भई १४ खर्ब ४५ अर्ब ३२ करोड रकम नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

आ. व. २०८०/०८१ मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसमेत) लिई वैदेशिक रोजगारीमा गएका ८० हजार १७२ महिलासहित कुल ७ लाख ४१ हजार २९७ जना श्रमिकले पठाएको विप्रेषणले आप्रवासी श्रमिकहरूको घर परिवार संचालन, मानवीय सम्पत्ति सूचकांकमा सुधार र गरिबीमा रहेका परिवारहरूको आर्थिक जोखिम कम गर्न तथा नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुगेको मूल समारोह समितिले जनाएको छ ।

विश्व बैंकको २०२४ अक्टोबरको प्रतिवेदनअनुसार नेपालमा कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाइभन्दा बढी रेमिटचान्सको रहेको छ । त्यसैले सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरूमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आप्रवासी दिवस सप्ताहव्यापी रूपमा मनाउने निर्णय भएअनुसार विविध कार्यक्रम भइरहेको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने राहदानी, सीप तालिम तथा अभिमुखीकरणलगायत कागजात तयार पार्न स्थानीय तह तथा जिल्ला स्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिका तथा गाउँपालिकालगायत निकायको महत्त्वपूर्ण भूमिका रहेको मन्त्रालयको ठम्याइ छ ।

वैदेशिक रोजगार बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/०६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार २१३ जनाको मृत्यु भएको छ । नेपालमा साताव्यापी रूपमा मनाइँदै गरिएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा श्रम मन्त्रालयले उक्त विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयले १६ देखि २२ डिसेम्बरसम्म विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाइरहेको छ । श्रम मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा दिवस मूल समारोह समिति नै गठन गरेर साताव्यापी कार्यक्रम आयोजना गरेको हो ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठनको आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभरि अनुमानित २८ दशमलव १ करोड मानिस आप्रवासीका रूपमा रहेका छन्, जसमध्ये आप्रवासी श्रमिकको संख्या १६ दशमलव ९ करोड छ ।

आप्रवासीमाथि हुन सक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले १८ डिसेम्बरका दिन आप्रवासी श्रमिक र तिनका परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० पारित गरी १ जुलाई २००३ देखि लागू भएको छ । त्यसैले अन्तर्राष्ट्रिय आप्रवासी दिवस हरेक वर्ष १८ डिसेम्बरमा मनाइन्छ ।

समितिले सार्वजनिक गरेको विवरणअनुसार वैदेशिक रोजगार बोर्ड स्थापनापछिको उक्त अवधिमा गम्भीर बिरामी तथा अंगभंग भएर फर्किएका मात्र ३ हजार ४४० जना श्रमिक छन् । उनीहरूलाई वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता प्रदान गरिएको सचिव निरौलाले जानकारी दिए । नेपालबाट १११ मुलुकमा नेपालीहरू आप्रवासी श्रमिकका रूपमा गएका पनि सचिव निरौलाले बताए ।

संयुक्त राष्ट्रसंघले आप्रवासनका चुनौती र अवसरका बारेमा चेतना जगाउन र विश्वभरका आप्रवासीहरूको योगदानलाई मान्यता दिनका लागि विश्वव्यापी रूपमा यो दिवस मनाउन आह्वान गरेको छ । त्यसैले नेपालमा पनि यो दिवस सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज, आप्रवासी श्रमिक तथा उनीहरूका परिवार, संचार जगत्लगायत विभिन्न पक्षहरूको संयुक्त पहलमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आइएको छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बद्ध कानुनमा परिमार्जन, सीपसहितको रोजगारीको सुनिश्चितता, निःशुल्क अभिमुखीकरण तालिम, श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी, वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत स्वदेशमा विप्रेषण ल्याउन प्रोत्साहन गर्ने, रिटर्नी उद्यमशीलता कार्यक्रम कार्यान्वयन गरिने आदि समावेश गरिएको छ ।

## पोर्चुगलमा...

समस्यामा परेका नेपालीको सहजताका लागि शिविर अवधि थप गरेर कन्सुलर सेवा दिन सुरु गरिएको पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए ।

टोलीले अधिकृत वारेसनामा प्रमाणीकरणबाहेकका अन्य प्रहरी चारित्रिक प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, नाता प्रमाणित, जन्म दर्ता, विवाह दर्तालगायत सम्पूर्ण कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा प्रदान गर्ने राजदूत भट्टराईले बताए ।

१२ डिसेम्बरदेखि संचालन भएको राहदानी वितरण शिविरबाट बुधबारसम्म २ हजार ४१० वटा विद्युतीय राहदानी वितरण गरिएको र बाँकी रहेका राहदानी वितरणको प्रक्रियामा रहेको उनले जानकारी दिए ।

टोलीले २१ डिसेम्बरसम्म राजधानी लिस्बनमा रहेर कन्सुलर सेवा प्रदान गर्ने दूतावासले जनाएको छ । घुम्ती शिविरमार्फत राहदानीसँगै कन्सुलर सेवा पाउँदा विशेषतः यहाँको आवास अनुमतिपत्र (रेसिडेन्सी कार्ड)का लागि बायोमेट्रिकको प्रक्रियामा रहेका नेपालीहरू बढी लाभान्वित भएका छन् ।

**Subha Saharsh Nepa Pvt. Ltd**
Kritipur-09 Kathmandu Nepal
VAT No.: 610408454

| S. NO | Product Name | MRP |
|---|---|---|
| | KITCHEN CHIMNEY/ HOOD | |
| 1 | ARC 90 BK FL | 17,985.00 |

The above prices are inclusive of 13% VAT.

**Sarjee Nepa Pvt. Ltd.**
Kritipur-09 Kathmandu Nepal
VAT No.: 610255168

| S. NO | Product Name | MRP |
|---|---|---|
| | KITCHEN CHIMNEY/ HOOD | |
| 1 | C90 BK BF | 15,926.00 |
| 2 | VORTEX 90 BK FL | 21,065.00 |
| 3 | ARES 90 BK FL | 24,920.00 |
| 4 | EROS 90 BK FL | 24,765.00 |
| 5 | ATHENA 90 ISLD BK FL | 65,760.00 |

The above prices are inclusive of 13% VAT.

# Besishahar Municipality
# Office of Municipal Executive
**Besishahar , Lamjung**

## Invitation For Electronic Bids

**First Date of Notice Publication: 2081/09/05**

1) Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following Works and Goods under bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) (Without Vat) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| Besishaharmun/ Works/NCB/ 081/082/05 | Bazaar Area Black Top Road Maintainance Be.Na.Pa 7 &8 (including drain clearance) | 4281378.27 | 125000 | 3000 | 2081/10/06, 12:00 |
| Besishaharmun/ Goods/SQ/ 081/082/01 | Procurement and Supply of Medicines and Surgical Equipments | 1655893.06 | 43000 | 1000 | 2081/09/21, 12:00 |

2) Bidding Documents are available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit Bid Fee and Bid Security**

**For Bid Security**
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality Dharauti Khata
Account Number : Ga-3-3040100303000002

**For Bid Document Fee**
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality Aantarik Rajaswo
Account Number : Ga-1-1-3040100301010002

**युएईमा रोजगार**
कम्पनी: FOCUS SECURITY SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२३००१० L.T. No.: 315797

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 2000 | ७३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १३ गते (28 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.** श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700.| Email: documentation@smrnepal.com | Website: smrnepal.com

**UAE मा रोजगार**
कम्पनी : LAHEJ & SULTAN CLEANING SERVICES & GENERAL MAINTENANCE CO. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२३०००८ LT. NO.: 315782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaners | 200 | 0 | स. काममा दक्ष | 800 | २९,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस १३ गते (28 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01-4987991 | 01-4987992 | 01-4954106 Mobile: 9801033972 | 980103373 9851164152 | 9801090365 | 9801033970, Jhapa, Birtamode branch: 023-535387 | 023-530415/917 | 023-531060
Mobile: 9801033977 | 9801033976 | 9801033974 | 9801023813 | Email:-siwakoti806@gmail.com

**यूएईमा रोजगार**
कम्पनी: Alfareej Avenue Shopping Center LLC.S.P.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२३०००२ LT. No.: 315769

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 10 | 15 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Box Boy/trolley Boy | 10 | 0 | | 1000 | ३६,९८० | | | | | | | |
| 3. | Sales Assistant / Cashier | 15 | 0 | | 1000 | ३६,९८० | | | | | | | |
| 4. | Shop Assistant Sales Dept. | 10 | 0 | | 1000 | ३६,९८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १३ र १४ गते (28 & 29 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**P.T.SWIFT HR MANAGEMENT PVT. LTD.**
श्रम इजाजत नं. १५६६/०७९/०८०
Dhumbarahi-4, Kathmandu, Nepal. Landline No.: 01-5915721
Mobile: 9851199387 | 9851343751, Email: ptswifthr11@gmail.com

**जापानमा रोजगार**
कम्पनी : TSUKUBA KOKUSAI JIGYOU KYOUDOU KUMIAI शहर : Tsukuba
पूर्व स्वीकृत मिति: २०८१/०९/०२ चलानी नं.: ६०२२९७७२ Lt. No.: 315488

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Picking Labour | 5 | 157450 | १३६,८२४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ५०,००० कामदारले
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रूपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष १३ गते (28 December 2024) मा हुनेछ ।**

**युएई र साउदीमा रोजगार**
कम्पनी: DOOSAN BABCOCK GENERAL CONTRACTING AND MAINT. SERVICES LLC
पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२३०००५ L.T. No.: 315827 शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 30 | 0 | स. काममा दक्ष | 950 | ३५,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MSSL TOOLING शहर: UAE पूर्व स्वीकृत मिति: २०८१/०९/०४ चलानी नं.: ६०२२९९५३ L.T. No.: 315609

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper/ Cleaner | 30 | 20 | स. काममा दक्ष | 800 | २९,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: VOLT ARABIA CONTRACTING COMPANY शहर: Saudi Arabia पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२२९९५२ L.T. No.: 315731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Power Line Labour | 3 | 0 | स. काममा दक्ष | 2000 | ७२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: CORE INVESTMENT शहर: Jeddah पूर्व स्वीकृत मिति: २०८१/०९/०५ चलानी नं.: ६०२३०००४ L.T. No.: 315750

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Services | 1 | 0 | स. काममा दक्ष | 3176 | ११४,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १३ गते (28 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु. १०,००० युएईको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.**
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal.
Phone: 00977-1- 4955570, 4956625, 4956831.
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

# कांग्रेसको ध्यान महाधिवेशन र निर्वाचनमा मात्र भयो : महामन्त्री थापा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीका नेताहरूको चिन्ता केवल महाधिवेशन र चुनावमा मात्रै केन्द्रित भएको टिप्पणी गरेका छन् ।

शुक्रवार काठमाडौंमा भएको कार्यक्रममा महामनत्री थापाले कांग्रेसीहरू पार्टीको धर्म छाडेर महाधिवेशन र निर्वाचनमा मात्रै केन्द्रित हुन थालेको बताएका हुन् ।

'हामी त कस्तो भइसक्यौ भने आजभोलि, हामी त जम्मा २ वटा कुरा सोच्छौं, सबैले के सोचिरहेका छौं भने अहिले-अधिवेशन कहिले हुन्छ ? चुनाव हारिन्छ कि जितिन्छ ? जम्मा दुईवटा छ । २०८२, २०८४, कांग्रेस भनेकै २०८२, २०८४,'उनले भने ।



समाजलाई अध्याँरोबाट उज्यालोतर्फ लैजानका लागि कांग्रेस सधैं लागिरहनुपर्ने उनले बताए । पछिल्लो समयमा कांग्रेसले आफ्नो मूल धर्म बिर्सिएर सीमित दायरामा पुगेको उनले बताए । कांग्रेस आफ्ने बाटोमा हिँड्नुको साटो कहिलेकाहीँ बरालिन पनि थालेको महामन्त्री थापाले बताए ।

साथै, उनले चितवनका कांग्रेस समर्थकहरू पञ्चायत, कम्युनिष्टहरूदेखि अहिलेसम्म दोहोरो मारमा परिरहेको पनि बताए । महामन्त्री थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तर्फलक्षित गर्दै चितवनमा अहिले अनौठो पात्र र प्रवृत्ति देखिइरहेको बताए ।

'चितवन यस्तो ठाउँ हो, जहाँ नेपाली कांग्रेसमा आवद्ध भएका कार्यकर्ताहरूले पञ्चायतको दवाबमात्र होईन, अहिले चितवनमा जुनखालका राजनीतिक घटनाहरू भएका छन्, त्यहाँको पात्र, प्रवृत्ति अनौठो छ । त्यस्तो अनौठो पात्र, प्रवृत्ति पञ्चायत कालमा पनि चितवनमा कांग्रेससँग आवद्ध भएका कार्यकर्ताहरूले त्यो बेलामा पनि दोहोरो मार खेप्यो,' उनले भने ।

# सय दिने अभियानले कांग्रेस कार्यकर्ता उत्साहित

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ पुस

नेपाली कांग्रेस अर्घाखाँचीले ६१ वटा वडामा अभियानकै रुपमा संगठन निर्माणलाई तीव्रता दिएको छ । कांग्रेसका स्थानीय नेता कार्यकर्ताहरुको गुनासो सुन्दै गाउँ अभियानलाई तीव्र पारेको हो ।

निर्वाचन क्षेत्र नं.१ र २ का ६१ वडामा अहिले कांग्रेसका जिल्ला स्तरिय नेताहरुको उपस्थितिमा कार्यक्रमहरु भइ रहेका छन् । अभियान सञ्चालन भइरहेका बेला जिल्ला कार्यसमितिको बैठक आयोजना गरी कार्यक्रमको समीक्षा गरेको छ ।

बैठकमा नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशब श्रेष्ठले गाउँ-गाउँमा गएर एकजुट भइ संगठन विस्तार एवं सुदृढीकरणमा लाग्न अगुवा कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

सभापति श्रेष्ठले पार्टीमा आफूबाट भएका कमजोरी सच्चाउँदै अघि बढ्न अनुरोध गर्दै गाउँटोलमा पार्टी अगुवा कार्यकर्ताले गल्ती गरेको भए त्यसबारेमा जिल्ला पार्टीलाई जानकारी गराउन आग्रह गरे । सभापति श्रेष्ठले भने,'पार्टीमा सबै नेताहरु सानो होस् वा ठूलो आफ्ना गल्ती सच्चाउनुपर्छ ।'



बैठकमा नेपाली कांग्रेस अर्घाखाँचीका पूर्व सभापति कमल प्रसाद भुसालले सबै नेताकार्यकर्ताहरु संगठन निर्माणमा होमिएको बताउँदै सबैको घरदैलोमा पुगेर क्रियाशिल वितरण गर्ने संगठलाई चलाएमान बनाएको बताए ।

बैठकमा नेपाली कांग्रेस अर्घाखाँचीका उपसभापति बिष्णु प्रसाद भुसाल, बाबुराम पौडेल, सचिव कृष्णप्रसाद खनाल, अच्युत गौतम, कोषाध्यक्ष बिष्णु क्षेत्री, सहसचिव कमल पौडेल लगायत जिल्ला सदस्यहरुले भनाइ राखेका थिए ।

नेताहरुले नेपाली कांग्रेसको अभियानले नेपाली कांग्रेसका गाउँका नेता कार्यकर्ताहरु निकै उत्साह छाएको बताए ।

बैठकले नेपाली कांग्रेस अर्घाखाँचीको पालिका स्तरिय कार्यक्रम तय गरेको छ । बैकले पुस ११ गते छत्रदेव गाउँपालिकाको रासिप भवन पुस १२ गते भूमिका स्थानको पोखेडाँडा, १३ गते मालारान गाउँपालिकाको खनदह, पुस १४ गते शितगंगा नगरपालिकाको ठाडा, १५ गते पाणिनी गाउँपालिकाको दुर्गाफाट, पुस १६ गते सन्धिखर्कमा बृहत् कार्यकर्ता भेला गर्ने निर्णय गरेको छ ।

गाउँपालिका स्तरिय भेलामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सन्जय गौतम लगायतका केन्द्रीय नेताहरुले सम्बोधन गर्ने र कांग्रेसको गाउँ जाउ अभियानका बारेमा समीक्षा हुने नेपाली कांग्रेस अर्घाखाँचीका सचिव कृष्णप्रसाद खनालले जानकारी दिए ।

# कतारमा सोनाम ल्होछार मनाइँदै




**दोहा/मस–** कतारमा बसोबास गर्ने तामाङ समुदायले आफ्नो नयाँ वर्ष, सोनाम ल्होछारलाई भव्य रूपमा मनाउन लागेका छन् । नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारले आयोजना गर्न लागेको यस कार्यक्रम ३१ जनवरी २०२५, शुक्रबारका दिन दोहामा हुने भएको छ ।

'तामाङ जातिको नयाँ वर्ष, मञ्जुश्री सम्वत् २८६१ सोनाम ल्होछारलाई भव्य रुपले सफल पारौं' भन्ने नाराका साथ आयोजना गर्न लागिएको कार्यक्रममा नेपालबाट आउने चर्चित कलाकारहरूले आफ्नो प्रस्तुतिमार्फत कार्यक्रमलाई झनै रङ्गीन बनाउने भएका छन् ।

मदन घ्लान तामाङ, पुजा तामाङ, म्हेन्दोमाया गायक तथा शब्द संकलन संगितकार सैलप वाईवा तामाङ जस्ता चर्चित कलाकारहरूले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्नेछन् । साथै, कतारमा बसोबास गर्ने स्थानीय कलाकारहरूको प्रस्तुतिले पनि कार्यक्रमलाई झनै मनोरञ्जनात्मक बनाउनेछ ।

तामाङ सेलो, लोकगीत र ल्होछारका विशेष गीतहरूले कार्यक्रममा उपस्थित सबैलाई झुमाउने आयोजकको विश्वास छ । यस कार्यक्रममार्फत तामाङ समुदायको कला र संस्कृतिलाई जीवन्त राख्नका लागि मद्दत पुग्ने पनि आयोजकले जनाएको छ ।

सोनाम ल्होछार व्यवस्थापनका लागि यातायात, आर्थिक, हल व्यवस्थापन, प्रचारप्रसार लगायत विभिन्न उपसमितिहरू गठन गरिसकिएको छ । यस कार्यक्रममार्फत तामाङ भाषा, धर्म, लिपि, संस्कृति, संस्कार, भेषभूषा तथा मौलिक पहिरन र मौलिक पर्वको प्रवर्द्धन गर्ने उद्देश्य रहेको आयोजकको भनाइ छ ।

नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतारको मूल समारोहमा नेपाल तामाङ ताम्बा घेदुङ, नेपाल तामाङ लामा घेदुङ, नेपाल तामाङ संस्कृति घेदुङ, नेपाल तामाङ महिला घेदुङ, नेपाल तामाङ युवा घेदुङलगायतका संस्थाहरू सह-आयोजकको रूपमा रहेका छन् । यस कार्यक्रमले कतारमा रहेका नेपालीहरू, विशेषगरी तामाङ समुदायमा एकताको भावना बढाउने र आफ्नो संस्कृतिप्रति गर्व गर्ने वातावरण सिर्जना गर्ने विश्वास गरिएको छ ।

# उत्पादनले बजार नपाउँदा किसान मर्कामा

**सुशील दर्नाल/रासस**
काठमाडौं, ५ पुस

उत्पादित वस्तुले बजार नपाउँदा किसान मर्कामा परेका छन् । खासगरी नेपालका किसानले उत्पादन गरेको तरकारी, फलफूल र दुधलगायतका वस्तु भन्दापनि भारतबाट आयात गरिएको वस्तुलाई प्राथमिकता दिँदा किसानहरु मर्कामा परेका हुन् । धादिङ जिल्लाको सिद्धलेख गाउँपालिका-४ का सागर सापकोटा ५ रोपनी जग्गा भाडामा लिएर आलु र गोपी, फर्सि र गोलभैँडाको खेती गर्दै आएको चार वर्ष भयो । उनले उत्पादन गरेको तरकारी काठमाडौंस्थित कालिमाटी फलफूल तथा तरकारी बजारसम्म पुग्छ । तर उनले सस्तो मूल्य ३० रुपैयाँ केजी बेच्नु परेको छ । ३० रुपैयाँ आलु बेचेर सापकोटालाई यो वर्ष लगानीसमेत उठाउन धौँधौं भएको छ । तर सापकोटाले लगाएको सेतो आलु कालिमाटीमा ५० रुपैयाँ किलो बिक्री हुन्छ । बाँकी २० रुपैयाँ बीचैमा बिचौलीयाले खान्छन् । सापकोटाले उत्पादन गरेको तरकारीले बजार नपाउँदा सस्तोमा बेच्नुपरेको छ । मेहनत गरेर उत्पादन गरेको तरकारीले बजार नपाउँदा गत वर्ष सापकोटाले लाखौँको क्षति व्यहोर्नुपऱ्यो । उनले भने, 'मेहनत गरेर आलु, बन्दागोपी, गोलभेडाँलगायत तरिकारी लगाको हुन्छ, तर हाम्रो दुख अनुसार कसहल्यी मूल्य आएन, हामी वास्तविक किसानले जहिले घाटा सहनुपर्छ, बरु कुरिएर जानभन्दा थोरै मूल्यमा भएपनि बेच्नुपर्ने हुन्छ ।'

बजार अभावले दिनप्रतिदिन कृषि क्षेत्र संकटमा पर्दै गएको छ । फलफूल र सरकारी उत्पादन गर्ने किसान मार्दै होइन गाई/भैंसी पालेर दुध उत्पादन गर्ने किसान पनि दुधले बजार भाउ नपाउँदै मर्कामा परेका छन् । अर्थोडक्स चियालगायत उत्पादित उपजको खस्किँदो बजार, पशु तथा बालीनालीमा लाग्ने रोगका कारण पनि किसानहरु समस्यामा पर्दै गएका छन् ।



'हामीले उत्पादन गरेको अर्गानिक तरकारी सस्तो मूल्यमा दिँदा पनि नेपालीहरुले भारतबाट ल्याएको तरकारीलाई महङ्गो मूल्य तिर्न तयार हुन्छन्', उनले भने ।

किसानहरुले स्थानीय तह र जिल्लामा रहेको कृषि ज्ञान केन्द्रले किसानले उत्पादन गरेको तरकारीको बजार प्रवर्द्धन गर्नुपर्ने, व्यावसायिक तरकारी खेती गर्ने किसानलाई सरकारी तवरबाट प्रोत्साहित गर्न बीउबिजन, सिँचाइ, मलखाद, कृषियन्त्र र औजारमा अनुदान उपलब्ध गराउनुपर्ने, स्थानीय किसानले उत्पादित तरकारी बिक्री गर्न बजार व्यवस्थापनको कार्यमा सहजीकरण गर्नुपर्ने माग गर्दै आएपनि पूरा हुन सकेको छैन् । अखिल नेपाल किसान महासंघ लगायतका संघ/संगठनले चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा कृषिक्षेत्रको व्यावसायीकरण गरी निर्यात प्रवर्द्धन गर्न माग गरेपनि त्यसको सुनुवाई भएन । बरु सरकारले कृषि क्षेत्रमा लगानी घटाउँदै लगेको छ । राष्ट्रिय जनगणना अनुसार नेपालमा कूल जनसंख्याको ५७.३ प्रतिशत कृषिमा आश्रित रहेका छन् । विस. २०६८ सालको जनगणनाको तुलनामा कृषिमा आश्रित जनसंख्या ८.३ प्रतिशतले कमि भएको छ । १० वर्षभित्र कृषि पेसामा आश्रित जनसंख्या ८.३ प्रतिशतले घटेको छ । ३० वर्षअघि २०४८ सालमा कुल जनसंख्याको ८१.२३ प्रतिशत कृषिमा आश्रित थिए । यो माथिको तथ्यबाट पनि के प्रस्ट हुन्छ भने हामीले विद्यालय स्तरदेखि पढ्दै आएको 'नेपाल कृषि प्रधान देश हो' भन्ने प्रतिशत घट्दै गएको छ । सरकारले कृषिमा निजी क्षेत्रलाई समेत आकर्षित गरी यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषिमा आकर्षित गर्न किसानलाई अनुदान, कृषि बीमा, सुलभ ऋण, ब्याजदरमा अनुदान, किसान कल्याणका योजना, किसान पेन्सनका कार्यक्रम ल्याइनुपर्छ ।

